# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

## राजगढ गाँउपालिका, सप्तरी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी राजगढ गाँउपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ राजगढ गाँउपालिका रहेको छ ।

(२) यो कार्यविधि राजगढ गाँउपाललिकाको कार्यपीलकाले पारित गरेपछि लागू हुनेछ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "कार्यालय" भन्नाले राजगढ गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनुपर्छ

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

३. **कोषको स्थापना** : (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम

(ग) गाउँपालिकाले कोष परिचालनका लागि छुट्टाएको रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ङ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) कोषको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

(ज) (नगर वा गाउँ)पालिका विपक्षी भएको लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन ।

(ज) पीडितको लागि समितिले तोके बमोजिमको अन्य कार्यमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

५. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

६. **तत्काल उद्धार तथा राहत समितिको गठन** : (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक तत्काल उद्धार तथा राहंत समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(छिटो छरितो कार्य सम्पन्न गर्न सक्ने ३ वा ५ सदस्यीय समिति बनाउन सकिन्छ । यसको सदस्य सचिव महिला, बालबालिका शाखा/उपशाखा/ईकाइ प्रमुख राख्नुपर्दछ)

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय (नगर वा गाउँ) कार्यपालिकाको कार्यालयमा रहनेछ ।

७. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार** : सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा (नगर वा गाउँ)पालिकाबाट स्विकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यालयमा रकम व्यवस्था गर्ने,

(ग) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ङ) (नगर वा गाउँपालिका)स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(छ) (नगर वा गाउँपालिका) भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धि घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ज) सीपमूलक तालिम सञ्चालन तथा व्यवसायका लागि खर्च अनुदान व्यवस्थापन गर्ने,

(झ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने

(ट) लैङ्गिक हिंसा निवारण सम्वन्धि अन्य काम गर्ने वा गराउने ।

८. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगावै समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ।

(७) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ।

(९) समितिको बैठक सम्वन्धि अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

९. **कोषमा रकम उपलब्ध गराउने:** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि गाउँपालिकाले कोषको नाममा रकम निकाशा दिनेछ।

१०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधि उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा पाँच दिनको बसोबास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्न समेत गरी बढीमा छ हजार पाँच सय रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च, पीडितसँग आश्रित बालबालिका भए बालबालिकाका लागि पनि सोही दरमा खाना खर्च उपलब्ध गराउ सकिनेछ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि अन्यत्र प्रेषण गर्नु परेमा पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा समितिले त्यस्ता पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

११. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने** : (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई ताकिएको ढाँचामा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिले दफा १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१२. **तत्काल रकम उपलव्ध गराउन सक्ने** : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्दार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट पचास हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराइएकोमा त्यसरी रकम उपलव्ध गराइएपछि वस्ने समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१३. **थप रकम निकासा माग गर्न सक्ने** : (१) समितिबाट गाउँपालिकाको नाममा निकासा भएको रकम अपर्याप्त भएमा (नगर वा गाउँ)पालिकाले सो को कारण खुलाई समितिसँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा समितिले गाउँपालिकाको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

(३) लैङ्गिक हिंसा पीडित वा प्रभावितलाई तत्काल उद्धार तथा राहत प्रदान गर्दा कोषमा भएको रकम भन्दा बढी खर्च भएमा मनासिव कारण र प्रमाण खुलाई केन्द्रिय तत्काल उद्धार तथा राहत समितिमा थप खर्च भएको रकम माग गर्न सक्नेछ ।

१४. **छुट्टै खाता खोल्नु पर्ने** : (स्थानीय तह)ले समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

१५. लैंगिक हिंसा निवारणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा नेपाल सरकारका अन्य निकाय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त बजेट तथा कार्यक्रम माफदण्ड तोकिई आएकोमा सोही बमोजिम र नतोकिएकोमा यसै कार्यविधि बमोजिम खर्च गर्न सकिनेछ ।

१६. **कोषको लेखा र लेखा परीक्षण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७. **आवर्ति (रिभल्भीङ) कोष** : यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१८. **प्रतिवेदन पेश गर्नेः** (१) समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका र केन्द्रिय तत्काल उद्धार तथा राहत समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(२) समितिले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन (पालिका)समक्ष पेश गर्नु पर्नेछ ।

(३) (स्थानीय तह)ले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१९. **बैठक भत्ताः** सञ्चालक समिति अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कानून बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

२०. **निर्देशन दिन सक्ने** : (१) (पालिका)ले समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

राजगढ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी
प्रदेश, नेपाल